**Informal Sector Service Centre (INSEC)**
www.inseconline.org
For Human Rights and Social Justice

**नेपाल महाभूकम्प २०७२ अपडेट : २६औं दिन**
**मिति : ०७२ जेठ ६**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ८,६२२
घाइते : १६,८०८

भूकम्पका कारण धनजनको क्षतिका साथसाथै खाद्यान्नको पनि उत्तिकै क्षति भएको छ । घर भत्किँदा पुरिएका कारण परिवारिक उपयोगका लागि भण्डारण गरिएका खाद्यान्न नाश भएको छ । हुन त केही पीडितहरूले पुरिएका खाद्यान्न निकालेर गर्जो टार्ने प्रयास पनि गरेका छन् । त्यसलाई समाधानका रूपमा भने लिन सकिँदैन ।

गृहमन्त्रीले सरकारी निकायसँग पर्याप्त खाद्यान्न रहेको दाबी गरे तापनि वास्तवमा खाद्यान्नको अभाव हुने देखिएको छ । संसद्को राष्ट्रिय विपत् व्यवस्थापन अनुगमन तथा निर्देशन समितिले हालै यस विषयमा चासो देखाएको छ । समितिले काठमाडौंस्थित खाद्य संस्थान र नेशनल ट्रेडिङको गोदाममा गरेको अनुगमन गर्दा दातृ निकाय र देशका विभिन्न स्थानबाट आएका खाद्यान्न भूकम्प प्रभावित क्षेत्रमा तत्काल पठाउन मात्र पुगेको पाइएबाट खाद्यान्नको अभाव हुने सम्भावना देखिएको छ ।

भूकम्पका कारण कृषि उत्पादनमा हुने ह्रास र हिउँदे बाली नभित्राउन्जेलसम्मका लागि कति खाद्यान्न आवश्यक पर्दछ, त्यसको निर्क्योल हुन सकेको छैन । यसबाहेक भूकम्पप्रभावित क्षेत्रमा कृषिमा संलग्न श्रमलाई कसरी तत्कालीन रोजगारी प्रदान गर्ने हो, त्यसबारे पनि ध्यान दिनु आवश्यक छ । त्यो मानव संशाधनलाई पुनः निर्माणको कार्यमा संलग्न गराउनु उपयुक्त कदम हुन सक्छ । विद्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य संस्थालगायतका सरकारी संरचना तथा राजमार्ग मर्मत तथा पुनःनिर्माणमा लगाउन सकियो भने आर्थिक गतिविधिमा वृद्धि भई अर्थतन्त्रलाई पनि सहयोग पुग्नेछ ।

## उल्लेख्य

- विपत् व्यवस्थापनका लागि असार मसान्तसम्म सेना परिचालन गर्ने मन्त्रिपरिषद्को निर्णयलाई राष्ट्रपति रामवरण यादवले स्वीकृत गरेका छन् ।
- वैशाख १२ गते आएको भूकम्पमा परी सिन्धुपालचोकमा मृत्यु भएकाहरूमध्ये ३ हजार २ सय ३० परिवारलाई सरकारले किरिया खर्चबापत ४० हजार रुपियाँका दरले वितरण गरेको छ । तातोपानी, लिस्ती र फुल्पीङकट्टी गरी तीन गाविसका १ सय ८३ जना मृतकका परिवारहरूलाई भने पहिरोको जोखिमका कारण कर्मचारीहरू जान नसकेर वितरण गरिएको छैन ।
- प्यूठान जिल्लामा पूर्णरूपमा क्षति पुर्‍याएका ३५ विद्यालयमा पठनपाठन अवरुद्ध भएकाले तत्काल पठनपाठन सुरु गर्न अल्पकालीन योजनाअनुरुप स्थानीय सामुदायिक वनले काठ र जिल्ला विकास समितिले जस्ता पाता उपलव्ध गराउने सहमति भएको जिल्ला शिक्षा अधिकारी नारायणप्रसाद भट्राईले बताए । उक्त योजना अनुसार पनि एउटा विद्यालय निर्माण गर्न ८० हजार रुपियाँ लाग्ने उनले जानकारी दिए ।
- भूकम्पका कारण जुम्लामा सामूदायिक विद्यालय १० ओटा, नीजी घर ४६ वटा, सरकारी भवन दुई ओटा, प्रहरी चौकी दुई ओटा, मन्दिर दुई ओटा र पानी ट्याङ्की तीन ओटा गरी जम्मा ६५ ओटा घर तथा भवनमा क्षति भएको प्रहरी नायब उपरीक्षक बलराम राईले बताए ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

- रसुवाको यार्सा गाविसको साङयुल, दोक्लाङ र बच्चा गाउँमा स्थानीयले राहत नपाएको यार्सा गाविस -५ का निमा तामाङले बताए । सडक पुगेका ठाउँमा मात्र राहत पुगेको स्थानीय बासिन्दाले जानकारी गराए । यार्सा गाविस- ५ मा ९५ घर र गाविस-४ मा ६५ घरले राहत नपाएको तामाङले गुनासो गरे । घर क्षति भएकाहरूलाई प्रदान गर्ने भनिएको ७ हजार रुपैयाँ पनि हालसम्म प्राप्त नभएको उनले बताए । यार्सा गाविस सचिव चिन्तामणि आचार्यले भने विकट गाउँ भएकोले खाद्यान्न ढिलो पुगेको तर, घर क्षतिको राहत रकम छिट्टै पुग्न बताए ।
- विपद् व्यवस्थापनका लागि केन्द्रदेखि गाँउ स्तरसम्म गठन हुने सर्वदलीय संयन्त्रहरूबारे जानकारी गराउन संसद्को राष्ट्रिय विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन विशेष समितिले सरकारलाई निर्देशन दिएको छ ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline